१११८।६३१

श्री राष्ट्रिय सूचना आयोगको
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरण कुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १६३/२०७०/०७१

निर्णय नं. ७३१

जनकपुर नगरपालिका ९, धनुषा वस्ने लालबाबु लाल कर्ण .......................................१ पुनरावेदक

विरूद्ध

प्रमुख, पाटन बहुमुखी क्याम्पस, पाटनढोका, ललितपुर .......................................................१ प्रत्यर्थी

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

जनकपुर नगरपालिका ९, धनुषा वस्ने लालबाबु लाल कर्णले पाटन बहुमुखी क्याम्पस, पाटनढोका, ललितपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१०।०९ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७०।१०।१५, २०७०।११।१२, २०७१।०१।१६ र २०७२।०५।१० को पत्रद्वारा पाटन बहुमुखी क्याम्पस, पाटनढोका, ललितपुरलाई सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सम्बन्धमा उक्त पाटन बहुमुखी क्याम्पस, पाटनढोका, ललितपुरले मिति २०७२।०५।२५, च.नं. १९७ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी पठाएकोले यी सूचनाको प्रतिलिपि पुनरावेदकलाई उपलब्ध गराउनु र प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्बवत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्